# बुलिङटार गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को
# नीति तथा कार्यक्रम

यस सम्मानित गाउँसभाका उपाध्यक्षज्यू,
सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

***"बस्नयोग्य, हेर्नलायक समृद्ध बुलिङटार"***

नेपालको संविधान, २०७२ ले निर्दिष्ट गरे अनुरुप तीन तहका सरकारमध्ये जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको बुलिङटार गाउँपालिकाले प्रत्येक वर्ष नीति तथा कार्यक्रम मार्फत जनताको समस्या पहिचान गरी सार्वजनिक सेवा प्रवाह, स्थानीय विकास निर्माण र सुशासनलाई मूल आधार बनाई आज हामी पन्ध्रौं गाउँसभाको सन्दर्भमा नीति तथा कार्यक्रम लिएर यहाँहरु समक्ष प्रस्तुत भएका छौं।

सर्वप्रथम राष्ट्रका विभिन्न आन्दोलनमा राष्ट्रिय स्वतन्त्रता, लोकतन्त्र, गणतन्त्र, संघीयता प्राप्ति एवं राजनीतिक, सामाजिक परिवर्तनका लागि बलिदान गर्ने अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।उपलब्ध सीमित स्रोत साधन र नागरिकहरुका असीमित आवश्यकता र चुनौतीहरुलाई आत्मसाथ गर्दै गाउँपालिकाको समस्याहरु पहिचान र निराकरण गरी सम्भावनाहरुको उजागर गर्न विगतका वर्षहरुदेखि हालसम्म निरन्तर प्रयास गरिरहेको कुरा स्मरणार्थ निवेदन गर्न चाहन्छु। गरिबी, वेरोजगारी, पछौटेपन, चेतनाको स्तरमा कमी, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत अन्य विकासका पूर्वाधार लगायतका समस्यासँग हामी जुधिरहेका छौं। नागरिकका आवश्यकता परिपूर्ति, शासन, विकास र सेवा प्रवाह गर्दै उपलब्ध स्रोत साधनको व्यवस्थापन गरी शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पूर्वाधार, सूचना प्रविधि, धार्मिक पर्यटन, पोषणका कार्यक्रमहरु यसै नीति तथा कार्यक्रम मार्फत् बजेटमा समावेश गरिनेछ । निश्चय नै यस्ता कार्यक्रमहरुले नागरिकका आवश्यकतालाई सम्बोधन गरी **सुखी र आत्मनिर्भर बुलिङटार** को लक्ष्य पुरा हुने अपेक्षा गरेको छु।

श्रद्धेय गाउँ सभाका सदस्यज्यूहरु,

गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनसँगै बुलिङटार गाउँपालिकाको दोस्रो कार्यकालको जनप्रतिनिधिहरुद्वारा तयार गरिएको तेस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । बुलिङटार गाउँपालिकाको विकास र समृद्धिको लागि हामीले गाउँवासी सामू गरेको प्रतिवद्धताप्रति विश्वास गरी गाउँको नेतृत्वदायी जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण गाउँबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/८२ को बुलिङटार गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय पन्ध्रौ गाउँसभा समक्ष पेश गरेको छु । आगामी आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा वस्तुगत धरातल र स्रोत साधनको सन्तुलन हुनेगरी तर्जुमा गरिएको छ ।

सभाका सदस्यज्यूहरू

चालू आर्थिक वर्ष २०८०/८१ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौ। चालू आ.व.का लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेको छ ।

गाउँपालिकाका गाउँस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा पुगेका छन । बहुवर्षीय पूर्वाधार आयोजनाहरु कार्यान्वयनको चरणमा छन् । आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकासतर्फका समग्र विषयगत कार्यकमहरु कार्यान्वयन गरिएका छन् ।

सभाका सदस्यज्यूहरु

***"बस्न योग्य, हेर्न लायक, समृद्ध बुलिङटार"*** नारा हासिल गर्न र गाउँपालिकाको सम्भावना एवं परिकल्पनालाई उच्च प्राथमिकता दिने गरी नीति तथा कार्यकम तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु-

नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धताहरु, दिगो विकासको लक्ष्य, सोह्रौ आवधिक योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, गाउँपालिकाको आवधिक योजना, स्थानीय क्षमता विकास योजना, स्थानीय राजश्व सुधार कार्ययोजना लगायतका संघीय र प्रदेश सरकारका नीतिहरु आधारको रुपमा रहेका छन्।

सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल वस्तीस्तर, वडास्तर विषयगत समिति बजेट तर्जुमा समिति हुँदै आउने योजनाहरुलाई दीर्घकालीन लक्ष्य उद्देश्यसँग तादाम्यता मिलाइ प्राथमिकताक्रम निर्धारण गरिएको छ। गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नागरिकको सहभागितालाई प्राथमिकतामा राखिएको छ ।

विगतका गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, गाउँवासीहरुबाट प्राप्त अमुल्य सुझाव, वर्तमान जनप्रतिनिधि, राजनीतिक दलहरु, गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरु नागरिक समाज तथा सञ्चारकर्मीहरुबाट प्रत्यक्ष परोक्षरुपमा प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गरिएको छ ।

कार्यक्रम तयारी र बजेट विनियोजन गर्दा वहुवर्षीय योजना तथा चालू आर्थिक वर्षका अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिईनेछ । सह-लगानीलाई विशेष प्राथमिकतामा राखिनेछ ।

स्थानीय साधन श्रोत र सीप प्रयोग हुने एवं तत्काल रोजगारी सिर्जना गर्ने आयोजनाहरु छनौट गरिनेछ ।

स-साना गाउँस्तरीय र वडास्तरीय योजनाको संख्या घटाउन निश्चित सिलिङ्ग र मापदण्ड निर्धारण गरिएको छ । बालमैत्री, वातावरणमैत्री, लक्षितवर्ग मैत्री स्थानीय शासन दिगो विकास र विकासका साझा सवाललाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखिएको छ ।

गाउँपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले नीति तथा कार्यक्रम तय गरिएको छ । यस पटक देखि घाटा बजेट राखी योजना तर्जुमा गर्ने पद्धतिलाई निरुत्साहन गरिएको छ ।

स्थानीय विकास निर्माणमा स्रोत साधनको अधिकतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, अनुशासित, भ्रष्टाचार मुक्त र सुशासन युक्त बनाई स्थानीय सरकारको सेवाबाट सेवाग्राहीले हेर्ने, देख्ने र महसुस गर्ने गरी नीति कार्यक्रम तर्जुमा गरिएको छ।

आ व २०८१/८२ का लागि बुलिङटार गाँउपालिकाको समग्र विकास नीतिहरु यस प्रकार रहेका छन् ।

## शिक्षा :

१. गाउँपालिकाका सम्पूर्ण विद्यालयको शैक्षिक गुणस्तर उकास्न नियमित अनुगमन र निरीक्षणको प्रबन्ध गर्दै '***हाम्रो विद्यालय, राम्रो विद्यालय***'को अवधारणाको शुरूवात गरिनेछ ।

२. विद्यालयहरुमा विद्युतीकरण, इन्टरनेट जडान र विद्युतीय हाजिरीलाई नियमित तथा व्यवस्थित गरिनेछ । साथै अति विपन्न, अशक्त परिवार तथा फरक क्षमता भएका बालबालिकाहरुलाई सिकाईमा सहजीकरण गर्न ***'पालिका अध्यक्ष छात्रवृत्ति'*** कार्यक्रम सञ्चालन गरिनेछ ।

३. उत्कृष्ट विद्यार्थी प्रोत्साहनका लागि कक्षा ८, १० र १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ । लामो सेवा अनुभव तथा

उत्कृष्ट कार्य सम्पादनको आधारमा विषयगत शिक्षकलाई समेत सम्मान एवम् पुरस्कारको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. बुलिङटारको शैक्षिक गुणस्तरलाइ अभिवृद्धि गर्नेगरी पालिका भित्रका सम्पुर्ण शिक्षकहरुलाइ शैक्षिक उत्प्रेरणामुलक कार्यक्रम संञ्चालन गरिनेछ । साथै सामुदायिक विद्यालयहरुमा कार्यरत प्र.अ. हरुको मनोवल उच्च राख्न नेपाल सरकारले उपलब्ध गराउदै आएको प्र.अ. भत्तामा शत प्रतिशत वृद्धि गरिनेछ ।

५. एस.ई.ई. दिने विद्यार्थीलाई निःशुल्क कोचिङ कक्षा सञ्चालन जस्ता कार्यक्रमलाई थप सुधारका साथ निरन्तरता दिईनेछ । साथै पालिका भित्रका माध्यमिक विद्यालयहरुमा ICT शिक्षकको व्यवस्थापन गरिनेछ ।

६. विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने खालका विभिन्न दिवसहरुमा अतिरिक्त क्रियाकलाप अन्तर्गत ***प्रतिभा पहिचान***का कार्यक्रमहरु सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित गराउनका साथै विद्यार्थी लक्षित थप खेलकूदका कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

७. कक्षा १ - ८ को स्थानीय पाठ्यपुस्तक लेखन कार्य अगाडि बढाईनेछ ।स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा मगर भाषालाई समेत समावेश गरिनेछ ।

८. कार्यसम्पादनमा आधारित अनुदान, विद्यालय दिवा खाजा, छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण, शिक्षण सिकाई सामग्रीको व्यवस्थापन, विज्ञान प्रयोगशाला,आइसिटी ल्याव व्यवस्थापन लगायतका अनुदानका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईनेछ ।

९. पालिका भित्रका विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा विद्यालय गाभ्ने, तह थप्ने, तह घटाउने, कक्षा थप्ने र घटाउने कार्यलाई अगाडि बढाईनेछ ।

१०. पञ्चवर्षीय पालिकाको शैक्षिक योजना निर्माण गरी वर्तमान शैक्षिक अवस्थामा योजनाबद्ध सुधारका प्रयासहरु अगाडि बढाईनेछ । शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा थप प्रभावकारिता ल्याईनेछ । सार्वजनिक लाभको पद धारण गरेका

व्यक्तिका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन अभिप्रेरित गरिनेछ ।

११. प्रारम्भिक वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको जिम्मेवारी र जवाफदेहितालाई अझ थप जिम्मेवार बनाउन संघीय सरकारबाट प्राप्त बजेटमा पालिकाबाट थप गर्रिदै आएको तलबलाई निरन्तरता दिईनेछ ।

१२. शिक्षकको पेशागत विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तहगत एवम् विषयगत रुपमा शिक्षक तालिम सञ्चालन गरिनेछ । प्रविधिमैत्री विद्यालय निर्माण गरी आधुनिक शिक्षाको सुनिश्चितता गरिनेछ ।

१३. आधारभूत तह र माध्यमिक तहसम्मको परीक्षालाई व्यवस्थित बनाउन कक्षा ४ देखि ९ सम्मको बाह्य परीक्षालाई गाउँपालिका स्तरीय बनाई थप व्यवस्थित गरिनेछ।

१४. अनौपचारिक शिक्षा जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गरिनेछ । यसका लागि पालिकाका सामुदायिक सिकाई केन्द्रहरुलाई थप क्रियाशील बनाईनेछ ।

१५. पालिका भित्रका कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरुलाई लक्षित गरी शिक्षक सेवा आयोगद्वारा लिईने खुला प्रतिस्पर्धात्मक परीक्षा तथा शिक्षण अध्यापन अनुमति पत्र (लाइसेन्स) तयारी कक्षा सञ्चालन गरिनेछ ।

१६. बुलिङटार गाउँपालिकाले मानव संशाधन विकाललाई मुख्य प्राथमिकतामा राखी शैक्षिक गतिविधिहरु अगाडी बढाउने नीति अवलम्वन गरिनेछ ।साथै शिक्षा सेवा आयोग, लोकसेवा आयोग लगायतका तयारी कक्षा संञ्चालन गर्ने र विद्यार्थिहरुलाइ Career council कक्षा संञ्चालन गरिनेछ ।

१७. वडा नं १ र ६ मा संचालित प्राविधिक शिक्षालाई प्रभावकारी रुपमा अगाडी बढाउन एक वडा दुई विद्यार्थि छात्रवृत्ति कार्यक्रम संञ्चालन गरिनेछ र बाकी सबै वडाहरुमा सम्भाव्यता अध्ययन गरी प्राविधिक शिक्षालाई विस्तार गर्दै लगिनेछ।

१८. पूर्व प्राथमिक उमेर समूहका सबै अवस्थाका बालबालिकाको प्रारम्भिक बालशिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न बालबिकास केन्द्रको कक्षा व्यवस्थापनमा सुधार गर्दै बालबिकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

१९. विद्यालयहरूमा उपयुक्त बालमैत्री शैक्षिक वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा उपलब्ध गराउन, कक्षाकोठा निर्माण, मर्मत, फर्निचर, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला सूचना प्रविधि जस्ता कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२०. शिक्षकहरूको कार्यक्षमतामा अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर सुधार गर्न पुनर्ताजगी तालिम, विषय शिक्षक, समूहहरूको कार्यशाला, विज्ञ शिक्षकलाई सुपरीवेक्षणको रूपमा परिचालन गरी प्राविधिक सहायता उपलब्ध गराइने छ ।

२१. सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन प्रणालीलाई सुदृण गर्दै नतिजामा आधारित शिक्षक, विद्यार्थी, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गर्नुका साथै स्वदेश तथा विदेशमा अध्ययन अवलोकन भ्रमणको अवसर उपलब्ध गराइनेछ ।

२२. घर पहिलो पाठशालाको रूपमा स्थापित गर्दै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न अभिभावकको भूमिका बढाउन Good Parenting सेमिनार र नियमित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. विद्यालय क्षेत्रभित्र आकर्षक फूलवारी तथा करेसावारी निर्माण तथा बृक्षारोपण गरी सुन्दर र हरित विद्यालय निर्माण अभियानलाई अगाडि बढाइनेछ । पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने प्रक्रियालाइ प्रोत्साहन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२४. सबै बिद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।

२५. नैतिक तथा नागरिक शिक्षा र जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

२६. प्राविधिक शिक्षा संचालनमा रहेका विद्यालयहरुमा Students Focus Learn and Earn संचान गरिनेछ।

२७. एक विद्यालय एक स्काउट कार्यक्रम संचालन गरिनेछ।

## स्वास्थ्य

- पुर्खयौली खान्की हाम्रो आहार संस्कार, बुलिङटारको स्वास्थ्य र संमृद्धिको आधारलाई आत्मसाथ गरी जैविक खाद्यचक्रलाई अवलम्वन गरिनेछ ।
- सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- घुम्ती स्वास्थ्य शिविर कार्यक्रम मार्फत् जेष्ठ नागरिक, अपांग, असहाय, दीर्घरोगीहरूलाई प्रत्येक चार महिनामा एक पटक घरमै गई स्वास्थ्य सेवा दिने व्यवस्था मिलाइनेछ । वडा स्थित स्वास्थ्य संस्थाबाट प्रत्येक वर्ष एक पटक बिशेषज्ञ चिकित्सक मार्फत स्वास्थ्य परिक्षण तथा सेवा प्रवाहका व्यवस्था मिलाईने छ ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्रका विपन्न माझी, बोट,कुमाल,दराइ लगायत सिमान्तकृत समुदायका व्यक्तीहरु साथै ज्येष्ठ नागरिक, अपाङ्ग तथा असक्तहरुको निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।
- बुलिङटार प्राथमिक स्वास्थ्य केन्द्रलाई १० शैयाको बुलिङटार अस्पतालको रूपमा बिकास गर्दै सेवा बिस्तार, गुणस्तर अभिवृद्धि गर्न जनशक्ति, उपकरण (एक्सरे लगाएतका उपकरण) व्यवस्थापन र भौतिक पूर्वाधार (भवन) निर्माणको लागि प्राथमिकता दिइनेछ ।
- सबै स्वास्थ्य संस्थाहरूका निरन्तर अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- घरमै सुत्केरी कार्य शून्य कार्यक्रम अन्र्तगत सबै स्थानमा रहेका बर्थिङ्ग सेन्टरको प्रभावकारी सेवा विस्तार गरी गर्भवती जाँच, सुत्केरी पोषण खर्च, सुत्केरी यातायात खर्च उपलब्ध गराइनेछ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत् सुनौलो हजार दिनका आमा र बच्चाहरूको पोषण अवस्था सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरूमा वार्षिक रुपमा एक पटक एकिकृत स्वास्थ्य शिविर आयोजना गरिने छ ।
- गाउँभित्र महामारी तथा आउन सक्ने रोगहरूको पहिचान, नियन्त्रण तथा उपचारका लागि स्वास्थकर्मी सहितको Rapid Response Team तयारी अवस्थामा राखी परिचालन गरिनेछ ।
- विपन्न वर्गका गाउँबासीकालागि गाउँपालिकाद्वारा आर्थिक सहयोग र मुटु, मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका क्यान्सर, मेरुदण्ड पक्षघातका विरामीहरुलाइ नेपाल सरकारको कार्यक्रम मार्फत् आर्थिक सहायताको लागि सहजीकरण तथा समन्वय गरिनेछ ।
- स्वास्थ्य ठाउँ, कुपोषण रहित बुलिङटार गाउँ कार्यक्रम अन्र्तगत २ वर्ष मुनिका बालबालिकाको पोषण व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई यातायात तथा संञ्चार खर्च, बिदाइ हुने महिला स्वयम् सेविकाहरूलाई प्रोत्साहन रकम र अवलोकन भ्रमणका लागि बजेटको व्यवस्था गरिनेछ ।
- गाउँभित्रका नीजि तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित निदान केन्द्र, औषधी पसल, स्वास्थ्य क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन गरी गुणस्तरिय र नियमित स्वास्थ सेवाको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित एम्बुलेन्सहरूलाई व्यवस्थित गर्दै प्रति दुइ वडामा एक एम्बुलेन्स सेवा विस्तारका लागि आवश्यक पहल गरिने छ ।
- बालबिबाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- "सुत्केरी आमा पोषिलो खाना" कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ र गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गरिने छ ।
- कुनै पनि प्रकारको यौनजन्य हिंसा वा सामाजिक बहिष्कारमा पारिएका किशोरीहरु एवम् बालश्रम, बेचबिखन, आदिबाट पिडित बालबालिका एवम महिलाहरुको लागि मनोसामाजिक परामर्शदाताको सहयोगमा व्यावसायिक शिक्षा दिई वा सीपको विकास गरी पुनःस्थापना गरिने छ ।
- गाउँपालिका भित्रका सबै नागरिकहरुलाई रक्तचाप र मधुमेहको निःशुल्क परिक्षणको व्यवस्था मिलाइने छ ।

- स्वास्थ्य क्षेत्रको कार्यक्रमहरुलाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा कार्यविधिहरु तर्जुमा गरिनेछ ।
- पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण गरी वार्षिक रुपमा पारिवारिक स्वास्थ्य विवरण अद्यावधिक गरिनेछ ।
- बुलिङटार प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक उपकरण र जनशक्तिहरुको व्यवस्थापन गरी आखा र दाँत सम्बन्धि विभिन्न प्रकारका रोगहरुको आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- गाउँघर क्लिनिक र खोप क्लिनिक केन्द्रमार्फत गाउँपालिका भित्रका मानिसहरुको हरेक महिना स्वास्थ्य परिक्षण, बच्चाको तौल वृद्दि अनुगमन साथै औषधिउपचार गरिने व्यवस्था मिलाइनेछ ।
- बुलिङटार गाउँपालिकाभित्र रहेका दिर्घरोगिहरुको आर्थिक अवस्थालाइ मध्यनजर गरी स्वास्थ्य संस्थाहरुबाट निःशुल्क औषधि वितरणको व्यवस्था गरिनेछ ।

## पूर्वाधार विकास शाखा

- पालिकाका सबै वडाको कम्तिमा एक एक बटा सडक योजनाको स्तरोन्ती योजना छनौट गरिनेछ ।
- पालिका भित्रका विगतका वर्षहरुमा संचालित अधुरा योजनालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- उज्यालो वस्ती (street Light) कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट बिनियोजन गरिनेछ ।
- धार्मिक स्थलहरूको बिस्तृत अध्ययन गरि संरक्षण तथा मर्मतका लागि बजेट विनियोजन गरिनेछ ।
- वस्ती तथा चोक भएको ठाउँमा यात्रु प्रतिक्षालय,सार्वजनिक शौचालय तथा बस बिसौनी निर्माणका लागि बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकाको मुख्य पेशाको रूपमा रहेको कृषि पेशालाई समुन्नत बनाउन सिंचाईलाई प्राथमिकतामा राखि गाउँपालिका क्षेत्रभित्र सिंचाई पूर्वाधार विकासमा विशेष जोड दिइनेछ ।
- गाउँपालिकाका परम्परागत घरहरूलाई संरक्षण गर्दै नयाँ घरहरूका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ । नयाँ घरहरू निर्माण गर्दा भवन निर्माण सम्बन्धी नेपाल सरकारको मापदण्ड तथा यस गाउँपालिकाको नक्शापास सम्बन्धी मापदण्ड, २०७५ को अबलम्बन गर्ने नीतिको प्रभावकारी गरिनेछ । पुराना घरहरूका लागि अभिलेखिकरण गर्नका लागि पुराना घर अभिलेखिकरण कार्यबीधि बनाई अभिलेखिकरण

कार्यलाई लागु गरिनेछ । अगामी जा.व. देखि नयाँ बनाउने घरधनीहरूले अनिवार्य रूपमा नक्शा पास गर्नुपर्ने व्यवस्थालाई अझ कडाइका साब लागु गरिनेछ ।

- गाउँपालिकाको सबै वडाहरूलाई मध्यनजर गरी सबै बस्तीहरूमा यातायात पुग्ने गरि माग अनुसारको मोटरेवल तथा झोलुङे पुल निर्माण कार्यलाई अगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।
- विपद् व्यवस्थापन अन्तरगत पूर्व तयारी एबम् विपदको वेला तथ्याङ्क संकलन गर्ने, अध्यावधिक गर्ने र सम्भावित विपद, प्रकोप, सडकटासन्न समुदाय र उद्दार सामाग्रीको उपलब्धता जस्ता विषयमा आवश्यक जानकारी संकलन गरी विपद् व्यवस्थापनको कार्यलाई पूर्ण रूपले प्रभावकारी बनाउन अगामी आ.ब. भित्र स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ ।
- होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र सस्कृतिको सरक्षण एवम् सम्बर्द्धन गर्न व्यवसायीहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । स्थानीय खाना परिकारहरूको प्रचार प्रसार गरिनेछ । होमस्टेहरूमा स्थानीय साँस्कृतिक झल्किने गरी होमस्टेको पूर्वाधार निर्माण गरिनेछ ।
- गाउँपालिकामा डि.पि.आर तयार भएका योजनाहरूको स्रोत व्यवस्थापन तथा सुनिश्चितताको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै डि.पि.आर. हुन बाँकी योजनाहरूको डि.पि.आर. तयार गरी स्रोत सुनिश्चिततातर्फ लगिनेछ ।
- बुलिङटारमा  बसपार्क निर्माण कार्यको थालनी गरिनेछ ।  कालीगण्डकी कोरिडोर क्षेत्रमा ठुला तथा साना सवारीलाई व्यवस्थित पार्किङ्गको व्यवस्थापन गरिने छ ।
- पर्यटक पदमार्ग संचालनको संभाव्यता अध्ययन गरिनेछ ।
- कृषी उपज संकलन केन्द्रको स्तरोन्नति गरी चिस्यान केन्द्र निर्माण कार्यलाई अगाडि बढाईने छ ।
- सोलार , गोवर ग्यास प्लान्ट बनाउन वैकल्पिक उर्जा प्रवद्धन केन्द्रसँग पहल गरिनेछ ।
- विनाश विनाको विकासको निति अपनाउदै पूर्वाधार निर्माणमा जोड दिइनेछ।

- बुलिङटार गाउँपालिकाका प्रवेश गर्ने स्थानहरुमा बुलिङटार गाउँपालिका प्रवेश द्वार निर्माण गरिनेछ।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाको प्रसासकीय भवन निर्माण कार्यलाइ अन्तिम रुप दिइनेछ ।
- बुलिङटार क्षेत्रको स्वास्थ्य क्षेत्रलाइ व्यवस्थित बनाउनका लागि एक स्थानीय तह एक अस्पतालको नीति अन्तर्गत बुलिङटार अस्पताल निर्माणको कार्यलाइ अगाडि बढाउनेछ।

## सुशासन तथा संस्थागत विकास

- गाउँपालिका तथा वडा कार्यालयहरुमा कर्मचारीहरुको उचित व्यवस्थापन गरी सेवा प्रवाहलाइ छिटो छरितो बनाइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने अधिकांश सार्वजनिक सेवाहरु क्रमश विद्युतिय एवं प्रविधिमैत्रि बनाउदै लगिनेछ ।
- कार्यालयमा रिक्त रहेका पदहरुमा विज्ञापनको सूचना समयमै प्रकाशन गरी समयमै पदपुर्ति गरि सेवा प्रवाहलाइ प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी र गुणस्तरीय वनाई भ्रष्टाचार न्युनिकरणको नीति अबलम्बन गरी जनउत्तरदायी सरकारको प्रत्याभूति गराइनेछ ।
- बदलिँदो परिवेश अनुसार कर्मचारी संरचनामा समयानुकुल परिमार्जन गर्नुपर्ने भएकोले गाउँपालिकाको दरबन्दी पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) समयसापेक्ष रुपमा अद्यावधिक गर्दै लगिनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा तथा संभारको लागि कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ ।
- आगामी आ.व. को वजेट कार्यान्वयन प्रभावकारी तवरले गर्नका लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । कार्ययोजना कार्यान्वयनको अवस्थाको विषयमा गाउँपालिका स्तरीय अनुगमन समिति, पूर्वाधार विकास समिति र सुशासन समितिद्वारा नियमित अनुगमन गरिनेछ ।
- कर्मचारीको जिम्मेबारी किटान गरी जवाफदेहीता प्रवर्द्धन गर्न कार्यसम्पादन सूचकको विकास गरी कार्यसम्पादन सम्झौता गरिनेछ । सो आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

- नागरिकको नजिकबाट सेवा प्रवाह गर्नका लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरी अधिकतम सेवाहरु एकै साथ प्रदान गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । बेरुजु फर्छ्यौटलाई अभियानको रुपमा अगाडि बढाई अत्यन्त न्युन बेरुजु कायम हुने नीति लिइनेछ ।
- वडा कार्यालयहरुलाई सेवा प्रवाहको सशक्त प्रवेश विन्दुको रुपमा विकास गरी सेवा प्रवाहलाइ छिटो छरितो रुपमा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सुशासन कायम गर्न क्षमता विकास योजना तर्जुमा गरी लागु गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता तयार गरी व्यावसायिकता प्रवर्द्धन गर्दै अनुशासन कायम गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई प्रतिवद्ध राईनेछ ।
- स्थानीय शासन सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ठ स्थानीय तह सँग सिकाई आदान प्रदान गर्नको लागि अन्तर स्थानीय तह अध्ययन अवलोकन तथा क्षमता विकासका कार्यक्रम संञ्चालन गरिनेछ ।
- संघ, प्रदेश तथा स्थानीय तहहरुसँग समन्वय गर्नको लागि अन्तर सरकार संवादका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
- गाउँपालिकाको समग्र विकासका लागि सरकारी-निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा गै.स.स. लगायतका विकास साझेदार सँग समन्वय र सहकार्यको नीति लिई आवश्यक कानूनी प्रवन्ध गरिनेछ ।
- गाउँपालिकाबाट हाल सम्म निर्माण भइ कार्यान्वयनमा  रहेका कानूनको समिक्षा एवं विश्लेषण गरी समयानुकुल परिमार्जन गर्न विज्ञ समूह गठन गरिनेछ ।
- सबै वडा कार्यालयमा सि.सि.टि.भी. जडान गरी कार्यालयको सुरक्षाको प्रबन्ध मिलाईनेछ।
- गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक परिवेश झल्किने गरी वृत्तचित्र तयार गरिनेछ ।
- गाउँपालिकाको आय व्ययलाई बुलेटिनको माध्यमबाट चौमासिक रुपमा सार्वजनिक गरिनेछ । साथै गाउँपालिकाबाट चौमासिक रुपमा र हरेक बडाचाट वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई प्राथमिकता साथ कार्यान्वयन

गरिनेछ । गाउँपालिकाको चौमासिक, अर्धवार्षिक तथा बार्षिक प्रगति समीक्षा नियमित रुपमा गरिनेछ ।

- सरकारी सेवा प्रवेशका लागि मुख्यतः लोक सेवा तथा शिक्षक सेवाका कक्षा सञ्चालन को लागि आवश्यक व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गरिनेछ । साथै दिगो बिकासका लक्ष्यहरुको स्थानीयकरण गरी दिगो विकास लक्ष्य अंकित बजेट तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिईनेछ ।
- आन्तरिक राजस्व सक्षमता अभिवृद्धि गर्नको लागि राजस्व परामर्श समितिलाई जिम्मेबार गराई स्थानीय तहको राजस्व अधिकार अन्तर्गत गाउँपालिकाको सम्भावना क्षेत्रलाई पहिचान गरी करको दायरामा ल्याईनेछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि प्रदान गरिने सेवामा प्रक्रियागत सरलीकरण गर्ने, प्रविधिको प्रयोग गर्ने, सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- घटना घटेको ३५ दिन भिव घटना दर्ता गराउन प्रोत्साहन गरिनेछ । यसको लागि सबै समुदाय तथा सार्वजनिक स्थानमा सूचना प्रवाह गरिनेछ ।
- भुमिहीन दलित र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यलाई अन्तिम रुप दिई नित्सा वितरण गर्ने कार्य सम्पन्न गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सुकुम्बासीहरुको व्यवस्थापन गर्नको लागि सँघ तथा प्रदेश सरकार सँग समन्वय सहकार्य गरिनेछ ।
- न्यायिक कार्यसम्पादनलाई प्रभावकारी बनाउनको लागि न्यायिक ईजलास कक्षको स्थापना गर्ने, वडा तहमा मेलमिलाप केन्द्रको स्थापना गरि संस्थागत क्षमता विकास गर्ने र मेलमिलापकर्ताहरुको पुनर्ताजगी तालिम सजालन गर्ने, न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासको लागि जिल्ला अदालत सँगको समन्वयमा आवश्यक कार्य गर्ने नीति लिईनेछ ।
- निर्णय प्रक्रियालाई बस्तुनिष्ठ र वैज्ञानिक बनाउनको लागि विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी बनाईनेछ ।
- बजार अनुगमनलाई थप प्रभावकारी र नियमित बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने बाताबरण सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

- प्रदेश तथा संघिय सरकारसँगको समन्वयमा घरेलु मदिरालाई व्यबस्थित गरी रोजगारी सिर्जना सँग आबद्ध गरिनेछ ।
- गाउँपालिका भित्र कालोबजारी, गैरकानूनी व्यापार, चोरी निकासी जस्ता विकृतिलाई निरुत्साहित गर्दै सुशासन प्रवर्द्धनको लागि नेपाल प्रहरी तथा अन्य सम्बन्धित निकाय सँगको सहकार्यमा अनुगमन तथा गस्तीका गतिविधिहरु बढाईनेछ ।
- सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय, प्रतिक्षालय, धारा लगायतका संरचनाहरु निर्माण गरिनेछ ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कनबाट प्राप्त सिकाई तथा उपलब्धिलाई संस्थागत गर्दै आगामि आ.ब. मा आवश्यक सुधार गरी थप उपलब्धि हासिल गर्ने आधार तयार गरिनेछ ।
- अतिक्रमण भएका सार्वजनिक सम्पत्तिको खोजि गरी अभिलेखन गर्ने, संरक्षण गर्ने र संघीय तथा प्रदेश सरकार सँगको सहकार्यमा संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।
- महालेखापरिक्षकबाट अन्तिम लेखा परिक्षण भइ प्राप्त सुझावहरुको कार्यान्वयनका लागि सम्बन्धित शाखा एवं कर्मचारीहरुलाइ जिम्मेवार बनाइनेछ ।
- लामो समयसम्म गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत भइ सेवानिवृत भएका निवृत्त कर्मचारीहरुलाइ प्रोत्साहन स्वरुप आर्थिक सहायता उपलब्ध गराइनेछ ।

## आयुर्वेद

- भान्सा घरको अस्पताल, खाना औषधि भन्ने तथ्यलाइ हृदयङ्गम गरी भान्सा नै औषधालय कार्यक्रम संञ्चालन गरिनेछ ।साथै निरन्तर सिकाइको लागि भान्सा नै औषधालाय सिकाइ केन्द्रको स्थापना तथा संञ्चालन गरिनेछ ।
- हाम्रो पुर्खा हाम्रो गौरव, हाम्रो धर्ति हाम्रो पौरख भन्ने नारालाइ आत्मसाथ गरी वातावरणमैत्रि तथा जैविक कृषि प्रणालि कार्यक्रम संञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- बुलिङटार गाउँपालिकाभित्र रहेको नागरिक आरोग्य केन्द्रलाइ आवश्यक जनशक्ति र औषधिहरुको व्यवस्थापन गरिनेछ ।
- बुलिङटार गाउँपालिकाभित्र पाइने जडीबुटीको अनुसन्धान, पहिचान गरी नीजि साझेदारी लगानी मार्फत जडीबुटी प्रशोधन केन्द्रको निर्माण गर्न पहल गरिनेछ।

- स्वास्थ जीवनशैलीका लागि योग, ध्यान र सकारात्मक सोच सम्बन्धि प्रशिक्षण सञ्चालन गरिनेछ ।
- **प्रकृति र प्रविधिको समुचित प्रयोग गरी प्राकृतिक चिकित्सा पद्दतिलाइ अवलम्वन गर्ने नीति लिइनेछ ।**

## कृषि तथा पशुपक्षी विकास

- रासायनिक मल विक्रेता सहकारीहरुको स्तरउन्नति गरि मलको आपुर्ती बढाइने छ ।साथै उपलब्ध रासायनिक मलको दररेट तोकि कडाइका साथ कार्यान्यन गरिने छ।
- प्रांगारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहन गरिने छ। यसका लागि पशु तर्फको गोठ र भकारो सुधार कार्यक्रम अघि बढाइने छ।
- माटो परीक्षणको आधारमा आवश्यक चुन तथा जिप्सनमा अनुदानको व्यवस्था गरिने छ। वडा स्तरिय स्थलगत एवं आकस्मिक बाली उपचार शिविर संचालन गरिने छ।
- वाली विशेष पकेट स्थापना गरि चैते धान, वर्षे धान, गहु र मकै उत्पादनको क्षेत्र विस्तार गरिनेछ । रैथाने वाली अन्तर्गत कोदो, फापर, कागुनो, सामा आदि वालीको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ ।
- तरकारी बालीको पकेट स्थापना गरी बुलिङटारलाई तरकारीमा आत्मनिर्भर बनाईने छ। विउ बिजन, कृषि यान्त्रिकरनमा दिदै आइएको अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।
- बडा नं. ३ को खसुवा र आसपासका क्षेत्रहरुमा जानु पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- गाउँपालिका भरी नै वाली बीमामा पहुच विस्तार गर्न आवश्यक सहुलियत र सहजीकरण गर्दै प्रभावकारी बीमा प्रणाली लागु गरिनेछ। बिमा प्रिमियमा नेपाल सरकारबाट दिदै आएको ८०% अनुदानमा पालिकाले २०% थप गरि विमा कार्यक्रम निःशुल्क गरिने छ ।
- उत्पादक, व्यवसायी र उपभोक्ता विचको सम्बन्धलाई सुधार गरि स्थानिय उत्पादनलाई प्रोत्साहन गरिने छ। यसका लागि मार्केट ओरिन्टेड अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

- विपन्न संग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि सबै वडाबाट निम्न आय भएका विपन्न परिवारको पहिचान गरि कृषि तथा पशु पालनमा पचास हजार सम्मको कार्यक्रमलाई सतप्रतिशत अनुदान दिइनेछ ।
- पालिका भित्र रहेका कृषि सँग सम्बन्धित सबै तथ्याङ्क संकलन गरि भिलेज कृषि प्रोफाइल बनाइने छ।
- सुन्तला र अदुवा बालीको हकमा उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ। स्थानीय र प्रदेश सरकारको लागत साझेदारीमा अदुवा वेसार प्रशोधन केन्द्रको स्थापना गरिने छ।
- सुन्तला, अदुवा र तरकारी भण्डारणका लागि १० मे. टन क्षमता भएका कोड स्टोर्सहरुको स्थापना गरिने छ। यसका लागि पालिका भित्र रहेका प्रयोग बिहिन सर्वजनिक घर टहराको मर्मत संभार गरि चिसो बनाउने उपकरण जडान गरिने छ।
- बाहिरबाट आयातित चिसो पेय पदार्थलाई विस्तापित गरि स्थानिय स्तरमा उत्पादित उखु, कागति र सुन्तलाको जुसलाइ प्रयोगमा ल्याइने छ। सो को लागि आवश्यक उपकरण अनुदानमा वितरण गरिने छ ।
- पालिका स्तरिय ५ वर्षे कृषि विकास रणनीति बनाइ सोको कार्यन्वयन गरिने छ।
- बुलिङटार गाउँपालिका भित्र रहेका बंगुर पालक कृषकहरुको आर्थिक स्तरउन्नतिमा टेवा पुग्ने गरि वङगुरको खोर व्यवस्थापन आहारा, रोग नियन्त्रण सम्बन्धी कार्यक्रम गरिने छ। साथै बंगुर पालक कृषकलाई बंगुरपालन सम्बन्धी व्यवसायिक तालिम दिदै गरि सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- गाईभैसी, भेडाबाख्रा, पालनका लागी आवश्यक पर्ने डालेघास तथा भुईघासका विउहरु आवश्यकता अनुसार किसानलाई वितरण गरी घांसे क्षेत्र विस्तार गरिनेछ।
- चरन क्षेत्र विकास र विस्तारका लागि पालिका भित्र सम्पुर्ण वडाका क्षेत्र अध्ययन अवलोकन गरी चरन क्षेत्र निर्माण गरिने छ।
- बुलिङटार गाउँपालिका भित्रका किसानहरुलाई दुग्ध उत्पादन क्षेत्रमा टेवा पुग्ने गरी उन्नत माउ गाईभैसी वितरण गरि क्षमता वृद्धि गरिनेछ।
- उन्नत जातका पशुपंक्षीहरुको नक्ष्ल सुधार कार्यक्रम गर्नका लागि उन्नत जातका पशुवस्तुहरुको वितरण तथा कृत्रिम गर्भधानका कार्यक्रम गरिनेछ।

- यस बुलिङटार गाउँपालिकाबाट मासु निर्यात गर्ने गरि उन्नत जातका बाख्रापलन व्यवसाय सञ्चालन तथा प्रर्वद्धन गरिनेछ ।
- बुलिङटार गाउँपालिका भित्रका पशुपालक कृषकहरुलाई जुका, माटे नाम्ले, ज्वरो, अरुचि आदि सम्बन्धी औषधीहरुको व्यवस्था गरि प्रत्येक वडाबाटै वितरण गरिनेछ।
- यस बुलिङटार गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा पशुवस्तुको गोवर परिक्षण, मुत्र परिक्षण, स्वास्थ्य परिक्षण तथा कुकुरको बन्ध्याकरण कार्यक्रम सम्बन्धमा १ दिने पशु शिविर सञ्चालन गरिनेछ।
- यन बुलिङटार गाउँपालिका भित्र रहेका सम्पुर्ण वडाहरुका कृषकहरुको माग बमोजिम पशुपालन सम्बन्धी दक्ष प्रशिक्षक उपस्थितिमा तालिम सञ्चालन गरिने ।
- यस बुलिङटार गाउँपालिकामा कार्यरत सम्पुर्ण पशु प्राविधिकलाई आवश्यकता अनुसार सर्जिकल सामाग्रीहरु खरिद गरि वितरण गरिने छ ।
- बुलिङटार हाटबजारलाई थप व्यवस्थित गरी विस्तार गरिनेछ । स्थानीय स्तरमा उत्पादन भएका कृषि उपजलाई स्थानीय स्तरमै खपत गर्ने र विक्री वितरणको लागि बजारीकरणको सुनिश्चितता गरिनेछ ।
- कृषि फार्म दर्तालाई सर्वसुलभ बनाउने र माटो सुहाउँदो नगदे बाली लगाउने साथै उच्च भुभागमा फलफुल खेति गर्ने कार्यक्रममा प्रोत्साहन गरिने छ।
- कृषिमा यान्त्रिकरण गर्दै निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषि गर्न प्रोत्साहन गरिनेछ । यसका लागि कृषिमा यान्त्रिकरण, लागतमा न्यूनिकरण कार्यक्रम सञ्चालन गरिनेछ
- कृषि पकेट तथा जोन कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । कृषि उत्पादकत्व बृद्धि गर्न एक गाउँ ,एक उत्पादन सञ्चालन गरिनेछ । यसका लागि प्रदेश तथा संघ सरकारका कार्यक्रमसँग समन्वय गरिनेछ ।
- कृषि क्षेत्रमा प्रगतिको आधार, कृषि प्राविधिक गाउमै जिम्मेवार भन्ने नाराका साथ यस गाउँपालिका भित्र रहेका कृषि तथा पशु प्राविधिकहरूको प्रोफाईल तयार गरी कृषकहरूलाई नजिकको कृषि प्राविधिक संग जोड्ने नीति अबलम्बन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी उत्पादन प्रवर्द्धनका लागि बुलिङटार कृषि तथा पशुपक्षी प्रवर्द्धन मेला आयोजना गरिनेछ ।
- उत्कृष्ट कृषक, समुह तथा सहकारीलाई अनुभव तथा सिकाइ आदान-प्रदानको लागि कृषि भ्रमणको कार्यक्रम गरिनेछ ।
- व्यावसायिक कृषकहरुलाई व्यवसाय सम्बन्धि ऋण कर्जाका लागि Soft Loan को व्यवस्था गर्न बैंक तथा वित्तीय संस्थाहरुसग आवश्यक पहल गरिने छ ।

- साना तथा घरेलु उद्योग स्थापनालाई जोड दीई उद्योग दर्ता सरलीकरण गरिनेछ ।
- बाँझो जमिनलाई उत्पादनमुखी गरौं फलफुल खेती, तरकारी खेती, कृषि उत्पादन गर्न प्रोत्साहन र पहल गरिनेछ ।

## सिंचाई

- बुलिङटार पालिका भित्र रहेका खेतीयोग्य बाँझो जमिनहरुको पहिचान बारे उपयुक्त सिंचाईको व्यवस्था गरिने छ।
- वडा नं. ३ र ६ को खसुवा र घुमाउरीघाट तथा अन्य वडाहरुमा वाटर लिफ्टिङ सिस्टम मार्फत कालिगण्डकीको पानी तानि सिंचाईको व्यवस्था गरिने छ।
- हाल सञ्चालनमा रहेका नहर, कुल्लो कुलेसोहरुको मर्मत संभार गरि सिंचाईको प्रभावकारिता बढाइने छ।
- तरकारी र फलफूल खेतीमा थोपा सिंचाई प्रविधिको विस्तार गरिने छ।
- बुलिङटार बडा ६ र १ को राम्बाडाडाँ ताल र ढाडबेसीमा ताल निर्माण गरि वर्षाको पानी संकलन गरि निबाइको लागि प्रयोग गरिने छ।
- **खेतबारीमा किसानलाई साहारा : सिँचाईले हराभरा** कार्यक्रमअन्तर्गत गाउँपालिकाको कृषि उत्पादन क्षेत्रमा सिचाँई बाँध, सिचाँई नहर र सिँचाई कुलो मर्मत तथा सञ्चालन गरिनेछ ।
- कुलोको बाँधहरु ब्यवस्थित गर्न स्याउला मुक्त बाँध अभियान सञ्चालन गरिनेछ ।
- सिँचाई बाँध, नहर र बोरिङ्गको सम्भावना नभएको स्थानमा लिफ्टिङ सिँचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।
- बुलिङटार सिचाई योजना, भलायटार सिचाई योजना जस्ता ठुला सिँचाई आयोजनाहरूको मर्मत तथा पुनः निर्माणका लागि प्रदेश र संघीय सरकारको सहकार्यमा अगाडि बढाइनेछ ।
- जमिनमा जलसतह कायम राख्न रिफिल ट्यांक र पोखरी निर्माणको कार्यक्रम अगाडी बढाइने छ ।

## पर्यटन विकास तथा संस्कृति

- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि वृत्तचित्र निर्माण तथा फोटो पुस्तक प्रकाशन गरिनेछ ।
- गाउँपालिकाको पहिचान झल्कनेगरी Eco village in Rural area of Bulingtar को अवधारणा अनुरूप त्यस क्षेत्रका नागरिकहरूलाई रोजगारी सिर्जना गरी आयआर्जन र जीवनस्तर उकास्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बुलिङटार गाउँपालिकामा दरै तथा कुमाल होमस्टे, मगर होमस्टे सञ्चालनका लागि आवश्यक सहयोग गरिनेछ । साथै गाउँपालिकाको अन्य क्षेत्रमा धार्मिक तथा सांस्कृतिक

पहिचान सहितको होमस्टे निर्माणका लागि आधारभूत तालिम सञ्चालन गरी दर्ता प्रक्रिया अगाडि बढाइनेछ ।

- गाउँपालिका भित्र बसन्तपुर सामुदायिक वन क्षेत्रमा पार्क निर्माण गरिनेछ । शान्ति पार्क लगाएत अन्य ठाउँका पार्कहरुको पूर्वाधार निर्माण गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ ।
- गाउँपालिकाको पाहाडी क्षेत्रमा पदमार्ग बिकासको काम अगाडी बढाइनेछ ।
- देवचुली डाँडा, वरचुली डाँडा, झ्केरी खण्डे दरवार, घुमारी क्षेत्र , जौवारीमा रहेको सेनकालिन दरवारको संरक्षण तथा पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्य अगाडि बढाइनेछ ।
- सुन झ्काँक्री गुफा संरक्षण तथा तिन कन्या माईको मन्दिर निर्माणकार्य अगाडि बढाइनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न गाउँपालिकाभित्र ठुला तथा मझ्ौला लगानीका होटल, रिसोर्टहरू तथा व्यवसायहरू सञ्चालनको वातावरण तयार गरिनेछ ।
- **कौरा नाच, झाम्रे,** मारुनी नाच , बालन नाच तथा बिभिन्न जातजातिहरुको भेषभुषा, रहनसहन तथा संस्कृतिको संरक्षण गरिनेछ ।
- दाहस्संकार स्थल तथा घाटहरु उचित ब्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण कार्य अगाडि बढाउनेछ ।
- पर्यटन गुरुयोजना अनुसार गाउँपालिका भित्रका पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रहरुको पूर्वाधार विकासका कार्यहरु अगाडी बढाइने छ ।

## उद्योग तथा व्यवसाय बिकास

- बुलिङटार गाउँपालिकाभित्र लगानीमैत्री व्यवसाय सञ्चालनको वातावरण तयार गरिनेछ ।
- स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्यम प्रवर्द्धन गरिनेछ ।
- परम्परागत प्रविधिलाई संरक्षण गर्दै आधुनिकीकरणमा जोड दिईने छ । परम्परागत सिप र प्रविधिलाई संरक्षण गर्न अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि र जडीवुटी प्रशोधन उद्योग सञ्चालनको लागि गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।
- गाउँ भित्र उद्योग स्थापनाको लागि एकीकृत कानूनको निर्माण गरिनेछ ।
- बजार अनुगमनलाई नियमित गरिने छ ।
- औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्म सरलीकरण गर्न स्थानीय औद्योगिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- Vocal for Local को अवधारणालाई अगाडी बढाइनेछ ।

- आत्मनिर्भर बुलिङटार कार्यक्रमहरु संचालन गरिनेछ।
- ज्ञानको साथसाथै सिप पनि सिकौं अभियान संचालनमा ल्याइनेछ।
- लघु उद्यम संचालनको लागि प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरी वजारीकरणमा समन्वय गर्ने ।
- उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।
- वन पैदावार तथा स्थानिय कच्चा सामाग्रिमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ । कृषिमा आधारित कुटिल उद्योग सञ्चालन गरिनेछ ।
- गाउँपालिका स्तरीय उद्योग बाणिज्य संघको गठन गरि यस क्षेत्रलाई थप जिम्मेवार बनाईने छ ।
- "स्थानीय वस्तुको प्रयोग गरौं र उत्पादनलाई प्रोत्साहन गराउ" भन्ने अभियान संचालन गरि कृषि जन्य वस्तुको प्रसोधन उद्योग स्थापना गर्न कदम चालिने छ ।
- रोजगारी उपलब्ध गराउने स्थानीय उद्योगलाई कर छुट अनुदान तथा सहुलियतको लागि सहजीकरणको व्यवस्था गरिने छ ।

## श्रम तथा रोजगार तथा गरिवी निवारण

- वैदेशिक रोजगार सम्बन्धी परामर्शका निम्ति वैदेशिक रोजगार सहायता कक्षको स्थापना गरिने छ। साथै सुरक्षित वैदेशिक रोजगारीको लागि सुरक्षित टोल अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्षमा कम्तिमा २०० युवाहरुलाई सिपमुलक तालिमको व्यवस्था गरि **एक घर एक उद्यम कार्यक्रम** अन्तर्गत स्वरोजगारमा लाग्न अभिप्रेरित गरी आवश्यक वातावरण निर्माणमा सहयोग गर्ने तथा रोजगारीको सुनिश्चितता गरिनेछ।
- युवा पुस्ताको सीपलाई रोजगार, रोजगारलाई व्यवसाय र व्यवसायलाई बजारसँग जोड्ने नीति अवलम्बन गरिनेछ ।
- Incubation Centre को स्थापना गरिनेछ।
- गाउँपालिकाभित्र रहेका बेराजेगारहरूको तथ्यांक संकलन तथा अभिलेखिकरण गरी श्रममा आधारित काममा परिचालन गरिनेछ।
- दक्ष तथा युवा जनशक्ति विदेश पलायन हुने कार्यलाई रोक्न स्थानीय स्तरमा विभिन्न सिपमुलक उद्यमशिलता तालिम सञ्चालन गरी रोजगारीको सृजना गरिनेछ।
- विदेशको अनुभव स्वदेशमा पौरख अभियान मार्फत् बैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई स्वदेशमै लगानी र उद्यम सञ्चालनको वातावरण तयार गरिनेछ।
- श्रमिकहरूको समाजिक सुरक्षा, सिप र दक्षताको उचित ज्याला निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ।
- समान कामको समान ज्याला कार्यान्वयनका लागि नियमित अनुगमन र आवश्यक समन्वय तथा निर्देशन गरिनेछ।
- गाउँपालिका भित्रका रोजगारदाताहरूको विवरण तयार गरी आवश्यक श्रमिक संख्याको एकिन गरी रोजगारीको लागि सिप तालिम प्रदान गरी आवश्यकता अनुसार श्रमिकलाई रोजगारीमा संलग्न गराइनेछ।

- गाउँपालिकाभित्र बसोबास गर्ने गरिव तथा विपन्न परिवारको तथ्यांक संकलन गरी आयआर्जनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत उद्यम बिकास तालिमहरू सञ्चालन गरिनेछ ।
- स्थानीय सामुदायिक वनहरूले गरिवी निवारणमा विनियोजन गर्ने रकमलाई उद्यम र रोजगारसँग जोड्ने कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
- महिलाहरुलाई समूहमा आवद्ध गरी कुसन तथा बास, लगायतबाट निर्माण हुने हस्तकलाका सामाग्री उत्पादन गरी बजारीकरणमा जोडिने छ ।

**सहकारी क्षेत्र**

- सहकारी क्षेत्रलाई अझ सवल र सक्षम बनाई सहकारी मार्फत गरीवी निवारण लक्ष्यका साथ सहकारी संस्थाको उत्पादन र उत्पादित बस्तुको बजारीकरण गरिनेछ ।
- एक वडा एक सहकारी कार्यक्रम अन्तर्गत हरेक कृषि कार्यक्रमहरु कृषि सम्बन्धी तालिम तथा बिउविजन वितरण जस्ता कार्यहरु सहकारी मार्फत गरिने छ।
- सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ । निस्क्रीय एवं नियम विपरित सञ्चालनमा रहेको सहकारीलाई कारवाही गरिनेछ भने उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गरिनेछ ।
- महिला सहकारी स्थापना तथा सञ्चालनमा विशेष प्रोत्साहन गरिने छ ।
- सहकारी सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ ।
- सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरणमा गाँउपालिकाले समन्वय गरिनेछ।
- सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवद्र्धनका लागि भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- एक सहकारी एक उत्पादन नीति अवलम्वन गरिनेछ ।
- सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरणमा गाँउपालिकाले समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र थप एक "क" वर्गको बाणिज्य बैंकको स्थापना गर्न पहल गरिने छ ।

**महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक**

- **उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम** अन्तर्गत पालिका भित्रका सम्पूर्ण महिला सञ्जाललाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- **हिजोको ज्ञान आजको प्रविधिःभोलिको समृद्धि** भन्ने उक्तिलाई साकार गर्नका लागि पुर्खाहरुसँग भएको ज्ञान, सीप र कला पहिचान गरी वर्तमान पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र विद्यमान बालबिवाह अन्त्यको लागि सेचतना तथा कानुनी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाको नेतृत्व बिकासका लागि नमुना बाल संसदको अभ्यास गरिनेछ ।
- अग्रजको ज्ञान अनुजमा हस्तान्तरण कार्यक्रम मार्फत् जेष्ठ नागरिक र बालबालिका बीच अन्तर संवाद र सिकाइ आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरूलाई सुरक्षित र मर्यादित महिनावारी, सकारात्मक सोच, आत्मरक्षा जस्ता विषयका तालिम तथा कार्यक्रमहरूमा सहभागी बनाई किशोरी हिंसामुक्त गाउँपालिका बनाइनेछ ।

- सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्गता मैत्री बनाउदै लगिनेछ। अपाङग लक्षित कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरू जीवनवृत्तिमा सहयोग गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ।
- सामाजिक सुरक्षा कार्यलाई प्रोत्साहित गर्ने गरी मनमोहन स्मृति सामाजिक सुरक्षा कोषको स्थापना गरिनेछ।
- सामाजिक सुरक्षा भत्ताका लागि बैंक आउनजान समस्या हुने भएकाले वडास्तरबाटै सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने गरी बित्तिय संस्थाहरु संग समन्वय गरिनेछ।
- लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गरिनेछ ।
- ज्येष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गरिनेछ ।
- अपाङ्ग तथा आर्थिक रूपले विपन्नलाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
- अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्दपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा सामाजिक असमानता हटाउने गरी विशेष कार्यक्रम संचालन गर्न गापाले अनुदान र बजेटको संयोजन गरिनेछ ।
- सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालनमा गापाले संयोजन गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परिक्षण, निःशुल्क स्वास्थ्य शिविर एवं जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु संचालन गरिने छ ।
- एकल महिला, वैदेशिक रोजगारीबाट फिर्ता भएका, आर्थिक रुपमा कमजोर आदि महिला लक्षित रोजगार कार्यक्रम जस्तै "सफा झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, ऊनी स्विटर टोपी बनाउने, स्क्रिन प्रिन्टिङ, ब्युटीसियन तालिम, सेनिटरी प्याड बनाउने" जस्ता स्वःआयआर्जनका कार्यक्रम संचालन गरि उत्पादित सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध मिलाउने छ ।
- बहुबिबाह, बालबिबाहको समुल अन्त्य गरिने कार्यक्रम ल्याइने छ ।
- "स्थानीय सरकार, एकल महिलाको साथ" भन्ने नाराको कार्यान्वयन गरि एकल महिलाको संरक्षण साथै सिप विकास एवं स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- छुवाछुत मुक्त घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सर्वपक्षिय/ सर्वदलीय बृहद सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्रका परम्परागत सीपहरुलाई बैज्ञानिक ढंगबाट व्यावसायिकिकरण गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाका हरेक नागरिक हरुलाई राष्ट्रिय परिचय पत्रको पहुँचमा पुर्याइने छ ।
- गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाति र समुदायको पहिचान गर्दै तथ्यांक संकलन गरिनेछ ।
- लोपोन्मुख, सिमान्तकृत, दलित, आदिवासी जनजाति समुदायको बृहत्तर बिकासको लागि सरोकारवालाहरूसँगको सहकार्यमा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## युवा तथा खेलकुद

- बुलिङटार गाउँ खेलकुद विकास समिति पुनर्गठन गरी युवा तथा खेलकुद विकासको कार्य अगाडि बढाइनेछ ।
- हरेक दुई वडामा कम्तिमा एक खेलमैदानको पहिचान गरी त्यसको विकास गरिनेछ र एउटा गाउँपालिका स्तरीय प्यारापिट सहितको खेलमैदान/ रंगशाला निर्माण गरी पालिका स्तरिय प्रतियोगिता सञ्चालन गरिनेछ।
- प्रत्येक वडा भित्रको क्लबहरुको पहिचान गरी त्यसलाई चाहिने भौतिक संरचना, श्रोत र साधनको प्रबन्ध गरी क्लबहरु बीच समन्वय गरिनेछ।
- गाउँभित्रका बैदेशिक रोजगारमा रहेका, विभिन्न पेशा तथा व्यवसायमा संलग्न, बेरोजगार युवाहरूको तथ्यांक अभिलेखीकरण गर्दै युवा सूचना केन्द्र स्थापनामार्फत् युवा लक्षित कार्यक्रम सञ्चालनको अवधारणालाई अगाडि बढाइनेछ
- युवाहरूलाई उद्यमशील बन्न उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँ युवा स्वयम् सेवक कार्यक्रम सञ्चालन गरी गाउँपालिकाका युवाहरूलाई गाउँ स्वयम् सेवकमा सूचीकृत हुन आह्वान गरिनेछ । यसरी सूचीकृत भएका युवाहरूलाई विपद् उद्धार तथा व्यवस्थापन लगायतका कार्यमा सहभागी गराइनेछ ।
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहान गरिनेछ ।
- अन्तर विद्यालय, अन्तर क्लव फुटवल, भलिवल, क्रिकेट लगायतका खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष कप खेलकुदमार्फत् महिला र पुरुष उमेर समुहमा आधारित खेलकुद सञ्चालन गरी गाउँपालिका भित्र राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा जोड दिइनेछ ।
- विद्यालयहरुमा प्रत्येक साताको शुक्रबार अतिरित क्रियाकलापमा खेलकुदलाई अनिवार्य गरिने छ ।
- पर्यटक आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदलाई प्रवद्धन गरिनेछ ।
- औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुमा व्यवसायिक तालिम संचालन गरिनेछ ।

## भूमि , भवन निर्माण तथा आवास व्यवस्थापन

- व्यवस्थित, सर्वसुलभ, दिगो र सुन्दर गाउँको विकास गर्दै **बस्न योग्य र हेर्न लायक समृद्ध बुलिङटार** बनाउने संकल्प सहित भू-उपभोग योजनामा आधारित व्यवस्थित एवम् योजनाबद्ध गाउँपालिका विकास कार्यक्रम गर्ने नीति लिइनेछ ।
- बुलिङटारका १ देखि ६ वडाका सम्म सम्भावित ठाउँहरुमा व्यवस्थित विकासको सम्भाव्यता अध्ययन गरी व्यवस्थित दीगो गाउँ निर्माणको कार्य अगाडि बढाइनेछ ।
- बुलिङटार-३ को बाझगरा क्षेत्रमा बहुउद्देश्यीय बुलिङटार कार्यालय भवन निर्माणको लागि डि.पि.आर. तयार गरी स्रोत सुनिश्चिता गर्दै तिन वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी भवन निर्माण कार्य थालनी गरिनेछ ।
- बुलिङटार सभागृहको डिपिआर तयार गरी तीन बर्ष भित्रमा सम्पन्न गर्न स्रोतको सुनिश्चितता गरिनेछ ।

- गाउँपालिका भू-उपयोग परिषद गठन गरी जग्गाको वर्गिकरण गरिने छ ।
- भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वातावरण मैत्री भवन निर्माणमा जोड दिने ।
- राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।
- स्थानीय भू—उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गरिनेछ ।
- स्थानीय कामदारको दक्षतामा अभिवृद्धि गरिनेछ ।
- एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी एकीकृत वस्तीको संभाव्यता अध्ययन गरिनेछ
- एकीकृत बस्ती सम्वन्धी जनचेतना अभिवृद्धि गरी जनमत तयार गरिनेछ ।

## सूचना, प्रविधि तथा सञ्चार

- गाउँपालिकाको वेवसाइटलाई आध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरूलाई वेवसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधाहरूलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूलाई डिजिटलाइजेशन गर्ने गरी एकिकृत तथा अन्तर-आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकासमा जोड दिने Server Management Infrastructure निर्माण गरिनेछ ।
- गाउँपालिका प्रवेश नाकाहरू तथा मुख्य बोझापोखरी, तरङखोला, खजुरी/घुमारी र कुटिया क्षेत्रमा डिजिटल बोड तथा होर्डिङ बोर्ड राखिनेछ ।
- वडा कार्यालयलाई प्रविधिमैत्री बनाउनको लागि सबै वडा कार्यालयहरू, स्वास्थ्य कार्यालयहरूमा विद्युतीय हाजिरी जडान गरी Software को माध्यमबाट गाउँपालिकाबाटै अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सूचना, सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवं पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको जानकारीलाई प्रविधिमैत्री सहित डिजिटल डिस्प्ले वोर्ड जडान गरिनेछ ।
- गाउँ वस्तुगत विवरण संकलन गरी डिजिटल गाउँ प्रोफाइल तयार गरिनेछ।
- मोवाईल, टेलिफोन र इन्टरनेट नेटवर्कमा सुधार गर्न सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकहरूको नैसर्गिक अधिकार भएकाले सोको प्रत्याभूतिगर्न गाउँपालिकाले आफ्ना गतिविधिहरूलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रूपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने गरी, Website का साथै सामाजिक सञ्चालहरूमार्फत् सूचनाको प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँसभाहरूको स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण, कार्यपालिका बैठकको निर्णय प्रवक्ता मार्फत् सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।
- सबै भेगमा मोवाइल डाटाको गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।

- सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- गाउँपालिका कार्यालय, सम्पूर्ण वडा कार्यालय, सामुदायिक श्रोत पुस्तकालय, बजार क्षेत्र तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाई चौतारी निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

## उर्जा तथा विद्युतीकरण

- गाउँपालिकाभित्र राष्ट्रिय प्रशारण लाइन नपुगेका स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युतीकरणको कार्य अगाडि बढाइनेछ।
- वैकल्पिक उर्जा प्रविधि अन्तर्गत सोलार पम्पिङको प्रयोग गरी सिचाईको सुविधा व्यवस्था गरिनेछ।
- सामुदायिक बिद्युतीकरणमा सहभागी भएका भारतीपुर र कोखेटारको बिद्युत ट्रान्समिटर लगाएतका समस्या समाधान गर्न पहल गरिनेछ।
- विद्युत भोल्टेजको सुधार गर्ने कार्यका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ।
- गाउँपालिका भित्रका खोला तथा नदी क्षेत्रमा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी जलविद्युत उत्पादनका लागि पहल गरिनेछ।
- उज्यालो गाउँ अभियान अन्तर्गत सबै वडामा बिद्युतीकरणका लागि पहल गरिनेछ।
- पालिकाका सवै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुनेछ ।
- विद्युत तथा वैकल्पिक उर्जालाई गाउँपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्दै लगिनेछ ।
- नवीकरणीय उर्जाको प्रयोग मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गरिनेछ । विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।
- Solar Street light को लागि पहल गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद् जोखिमको नक्साङ्कन तथा विपद् प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकुलन नीति तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- विपद्को अवस्थामा तत्काल उद्धार लागि Rapid Response Team निर्माण गरी आवश्यक सामाग्रीहरू सहित विपद् व्यवस्थापन तालिम प्रदान गरिनेछ। युवा स्वयम् सेवकलाई विपद् उद्धार कार्यमा परिचालन गरिनेछ।
- विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी, युवा स्वयम् सेवक लगायतसँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाइनेछ।
- जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गापामा विपद् सम्वन्धी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- खाली रहेका बिद्यालयहरुको भवन, सामुदायिक भवन आदिलाई विपदको समयमा आश्रय स्थलको रुपमा विकास गरिनेछ ।
- स्थानीय वन ऐन निर्माण गरी वन संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ।
- गाउँपालिकाभित्रका सामुदायिक वनसँगको सहकार्यमा एक सामुदायिक वन एक वनवाटिका कार्यक्रम सञ्चालन गरिने छ।
- वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरूको साझेदारीमा नर्सरीहरूको स्थापना र विस्तार गरिनेछ।
- सामुदायिक वन क्षेत्रमा फलफुलको बृक्षारोपण गरी बादर लगायत वन्यजन्तु बस्ती तर्फ नआउने वातावरण तयार गर्न समन्वय गरिने छ।
- गाउँपालिका भित्र सञ्चालित ठुला आयोजनाहरूको निर्माणमा वातावरणीय प्रभाव मुल्यांकन र Bio Engineering को प्रविधि अनिवार्य अवलम्बन गरिनेछ।
- सडक, भवन तथा भौतिक पूर्वाधारहरूको निर्माण गर्दा सुन्तुलित, दिगो तथा उत्थानशील विकास अवधारणलाई अवलम्वन गरिनेछ। हरित गाउँ पवर्द्धन गरी वातावरणीय प्रदुषण न्यूनीकरण गर्न एवम् सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ।
- रोगको स्रोत धुवाँ र धुलो : घरको भान्सामा बनाऔं आधुनिक चुलो कार्यक्रम मार्फत सुधारिएको चुलोको प्रयोग गर्न गाउँबासीलाई अभिप्रेरित गरिनेछ ।
- नविकरणीय उर्जा (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) जस्ता कार्यक्रम प्रवर्द्धन गरिनेछ।
- गाउँपालिका  क्षेत्र भित्रका सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी संरक्षण र वृक्षारोपण गरिनेछ
- सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रूपमा आयआर्जन हुन सक्ने जडीवुटी, काठ, दाउरा, घाँसका लागि वहुमुल्य बोट विरुवाहरूको वृक्षारोपण गर्न प्रेरित गरिनेछ।
- विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुडीको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयां रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।

## खानेपानी , सरसफाई तथा फोहोरमैला ब्यवस्थापन

- खानेपानी पहुँच नभएका स्थानमा खानेपानी आयोजना स्थापना गर्दै सबै गाउँपालिकाबासीलाई शुद्ध पिउने पानीको सेवाका लागि एक घर एक धारा नीति अवलम्वन गरिनेछ ।
- वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनका लागि **न्यून फोहर शून्य जहर** कार्यक्रम सञ्चालन गरिनेछ साथै सिसाघाटको स्थापना गरिनेछ।
- आवश्यक स्थानको पहिचान गरी सार्वजनिक शौचालयहरू निर्माण गरी खुला दिसा-पिसाब मुक्त क्षेत्र कडाइका साथ कार्यान्वयन गरिनेछ।
- वातावाण संरक्षणका निमित्त सार्वजनिक स्थलहरुमा सफाइ अभियान चलाइनेछ ।
- खानेपानीको मुल संरक्षणको लागि वृक्षारोण गरिनेछ ।
- निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गर्ने ।
- एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना तयार पारी लागु गरिनेछ ।
- Water Treatment Methods प्रवर्द्धन गरि शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ।

## सार्वजनिक नीजि साझेदारी तथा गैरसरकारी सस्था

- गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकासंग समन्वय गरी गाउँपालिकाले तोकेको क्षेत्रमा गर्नुपर्नेछ साथै कार्यक्रमको वार्षिक प्रगति विवरण गाउँपालिकामा पेस गर्नुपर्नेछ । यसरी पेस भएको कार्यक्रम गाउँपालिकाको वुलेटिनमा प्रकाशन गरिनेछ ।
- जनचेतना, तालिम, अभिमुखिकरण, सशक्तिकरण जस्ता कार्यक्रमहरूमा गाउँपालिकामा सूचिकृत सामाजिक तथा गैरसरकारी संघसंस्थासँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- गाउँ क्षेत्रमा कार्यगर्ने संघसंस्थाहरूले पेश गरेको प्रतिवेदन र प्राप्त उपलब्धीको आधारमा महत्वपूर्ण योगदान पुऱ्याउने संघसंस्थाहरूलाई सम्मान गरिनेछ ।

## मेलमिलाप तथा न्यायिक समिति

- स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र थप प्रभावकारी बनाइनेछ ।
- अन्तरपालिका अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- न्यायीक समिति र जिल्ला अदालत बीच नियमति अन्तर्क्रिया र सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गरी वडा स्तरमा नै मेलमिलाप गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय तहमा आउने विवाद र मानव अधिकारको विषयमा न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुलाई अभिमुखिकरण गरिने छ ।

## जलाधार संरक्षण

- जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्वन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको क्षमता विकास गरिनेछ ।
- जलवायू परिवर्तन सम्वन्धी तथ्यांकहरु संकलन गरी जलवायू परिवर्तन सम्वन्धी सूचनामूलक र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु परिवर्तनद्वारा उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ।

## • भाषा, धर्म तथा संस्कृति

- करिब ८० प्रतिशत मगर समुदाय भएको यस बुलिङटार गाउँपालिकामा मगर भाषाको संरक्षण तथा संवर्द्धन गर्ने उद्यश्यका साथ गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा मगर भाषालाइ कार्यालयको कामकाजको दोस्रो भाषाको रुपमा मान्यता दिइनेछ ।
- स्थानीय मगर संस्कृतिलाई जीवन्त राख्न परम्परागत गित नाच र बाजाको संरक्षण गरिने कार्यक्रम ल्याइने छ ।
- मगर समुदायको कौरा, झयाउरे, ब्राह्मण क्षत्रीको वालन, भजन, चुड्का तथा विविध परम्परागत गित नाँचको प्रवर्धन गर्न सांस्कृतिक महोत्सव गर्ने कार्यक्रम ल्याईने छ ।

**<u>स्थानीय सेवा शुल्क :</u>**

- ढुंगा गिट्टी वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम राजश्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

**<u>तथ्यांक संकलन :</u>**

- व्यक्तिगत घटना दर्तालाई सरल बनाई गरिव घर परिवार पहिचान र बेरोजगारी नागरिकको तथ्यांक संकलन गरिने छ ।

अव म चालु आ.ब. को यथार्थ तथा संशोधित आय व्यय विवरण पेश गर्दछु ।

- **१) चालु आ.व. २०८०/८१ को असार १० सम्मको यथार्थ तथा संशोधित आय व्यय विवरण:**

| क्र. सं. | स्रोतको किसिम | आ.ब.२०८०/८१ | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | जम्मा | खर्च | प्रतिशत |
| १ | समानीकरण अनुदान | ६,२०,३०,०७० | ७७,५२,७३५ | ६,९७,८२,८०५ | ४,१५,५२,६७३ | |
| २ | सशर्त अनुदान | २२,६४,८६,२०० | - | २२,६४,८६,२०० | १३,९९,१३,९६२ | |
| ३ | समपुरक अनुदान | - | २५,००,००० | २५,००,००० | २५,००,००० | |
| ४ | विशेष अनुदान | ५०,००,००० | ३०,००,००० | ८०,००,००० | ३१,८५,९२० | |
| ५ | राजश्व बाँटफाट | ५,७७,९५,४९७ | ५१,६९,९५२ | ६,२९,६५,४४९ | ५,२८,०५,३१९ | |
| ६ | रोयल्टी | - | - | - | - | |
| ७ | सवारी कर | - | - | - | - | |
| ८ | घर जग्गा रजिष्ट्रेशन शुल्क | - | - | - | - | |
| ९ | आन्तरिक स्रोत | | | ५,५०,८५,००० | २,३८,३७,४२० | |
| १० | अन्य | | | | | |
| | **जम्मा** | | | | | |

- **२)आ.व. २०८१/८२ को प्रस्तावित आय व्यय अनुमान:**

| | संघीय सरकार | प्रदेश सरकार | जम्मा |
|---|---|---|---|
| समानिकरण अनुदान | ८ करोड १९ लाख | १ करोड २ लाख ७७ हजार | ९ करोड २१ लाख ७७ हजार |

| | | | |
|---|---|---|---|
| राजश्व बाँडफाड | ८ करोड ७९ लाख | ५७ लाख २२ हजार | ९ करोड ३६ लाख २२ हजार |
| विशेष अनुदान | १ करोड ४५ लाख | ४० लाख | १ करोड ८५ लाख |
| समपुरक अनुदान | | ६० लाख | ६० लाख |
| सशर्त अनुदान | २४ करोड ३६ लाख | | २४ करोड ३६ लाख |
| आन्तरिक आय | | | ५५ लाख |
| चालु आवको बैंक मौज्दात हुने अनुमान | | | ३ करोड ५० लाख |
| घर जग्गा रजिष्ट्रेसन शुल्क (संघ, प्रदेश, स्थानिय तह) | | | ९ लाख |
| जम्मा | ४२ करोड ७९ लाख | २ करोड ५९ लाख ९९ हजार | ४९ करोड ५२ लाख ९९ हजार |

यस नीति तथा कार्यक्रमले बहुक्षेत्रीय विकासमा प्राथमिकता राखेको अवगत गराउन चाहन्छु। विभिन्न क्षेत्रको विकासले मात्र दिगो विकास प्राप्त गर्न सकिने अवधारणा अनुरुप तत् तत् क्षेत्रमा बजेट विनियोजन हुने व्यहोरा यस नीति तथा कार्यक्रम मार्फत अवगत गराउन चाहन्छु। र अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सघाउने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी, सरोकारवाला, सर्वसाधारण, नागरिक समाज, बुद्धिजीविहरु प्रति धन्यवाद व्यक्त गर्दै नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

अध्यक्ष

बुलिङटार गाउँपालिका